# जीतपुरसिमरा उपमहानगरपालिका, नगर कार्यपालिकाको
## ४६ औं बैठक संग सम्वन्धित

डा.कृष्ण प्रसाद पौडेल
प्रमुख

प्रस्तावित छलफलका विषयहरु

१ योजना कार्यान्वयन

२ कोरोना संक्रमण र राहत

३ स्वास्थ्यकर्मी तथा अन्य कर्मचारी लाई जोखिम भत्ता

४ आगामी आर्थिक वर्षको निती तथा कार्यक्रम

५ विविध

**विषय प्रवेश**

नगर प्रमुख श्री कृष्ण प्र. पौडेल र प्रमुख प्रशासकीय अधिकृत श्री बैकुण्ठनिधि शर्माबाट कार्यालय र वडाहरुमा भएका दैनिक प्रशासनिक कार्य तथा कोरोना भाइरसको कारण प्रभावित वासिन्दालाइ राहत वितरणको वारेमा वैठकमा जानकारी गराइयो । साथै वडा नं. ३ मा राहत वितरणको समयमा सिर्जित घटना यो वैठकको गम्भिर ध्यानाकर्षण भएको छ । जनप्रतिनिधिहरुप्रति भएको दुर्व्यवहारको यो वैठक खेद प्रकट गर्दछ । यस्ता प्रकृतिका घटनाहरु आगामी दिनमा नगर्न नगराउन कार्यपालिका अनुरोध गर्दछ ।

**निर्णयहरुः**

<u>१. योजना कार्यान्वयन सम्वन्धी</u> छलफल गर्दा विश्वव्यापी महामारी कोरोना भाइरसको लामो समयको लकडाउनले जनजीवन अत्यन्त कष्टकर रुपमा प्रभावित भई नगरस्तरीय तथा वडास्तरीय योजनाहरुको कार्यान्वयन प्रक्रिया रोकिएको हुँदा आवश्यक स्वास्थ्य सुरक्षा अपनाई सम्वन्धित उपभोक्ता समिति तथा निर्माण व्यवसायीलाई कार्य सुचारु गर्न अनुरोध गर्ने र जेष्ठ मसान्त भित्र कार्य सम्पन्न गर्न सकिने योजनाहरुको सम्झौता गर्ने निर्णय गरियो । साथै सम्पन्न भइसकेका योजनाहरुको स्थलगत अवलोकन गरी प्राविधिक मूल्याङ्कनका आधारमा भुक्तानी दिने निर्णय गरियो । उपभोक्ता समिति मार्फत गरिने कार्यको म्याद सकिएको हकमा लकडाउनको कारणले असर पुगेको हुनाले कार्य सम्पन्न गर्ने अवधि जेष्ठ मसान्त सम्मको लागी रहने निर्णय गरियो ।

<u>२. कोरोना संक्रमण र राहत वितरण सम्वन्धी</u> छलफल गर्दा राहत वितरणको लागि प्रत्येक वडालाई उपमहानगरपालिकाबाट ५/५ लाख र वडास्तरीय वजेट बाट रकमान्तर गरी ५/५ लाख गरी जम्मा १०/१० लाखका दरले वितरण गर्ने निर्णय अघिल्लो वैठकबाट भइसकेको छ । पहिलो चरणको लाभग्राहीहरुको सूचि यथाशिघ्र अध्यावधिक गरी जिल्ला समन्वय समिति बारा मार्फत नेपाल सरकार र प्रदेश सरकारलाई पठाउने निर्णय गरियो । थप राहत वितरणका लागि लकडाउन लम्बिइरहेको परिस्थितिमा सम्वन्धित वडास्तरिय बजेटबाट आवश्यकताका आधारमा बढीमा ७ लाखसम्म रकमान्तर गर्न सकिने निर्णय गरियो ।

<u>३. स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीलाई जोखिम भत्ता सम्वन्धी</u> कोरोना महामारीका सम्वन्धमा छलफल गर्दा नेपाल सरकारको मापदण्ड अनुसार गर्ने । जोखिम भत्ता वितरण गर्दा खटिएको समय, हाजिरी लगायतका उपयुक्त सूचकहरु बनाई उक्त सूचकका आधारमा आन्तरिक स्रोतबाट खर्च वेहोर्ने गरी जोखिम भत्ता उपलव्ध गराउने निर्णय गरियो । साथै एम्बुलेन्सका चालकहरुलाई पनि भत्ता उपलव्ध गराउने निर्णय गरियो । साथै कर्मचारीहरुलाई दोहोरो नपर्ने गरी स्थलगत कामको दुर्घटना तथा कोरोना जोखिम बिमा गराउने (नेपाल सरकारको नर्म्स अनुसार) निर्णय गरियो ।

डा.कृष्ण प्रसाद पौडेल
प्रमुख

Scanned with CamScanner

४. आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम सम्बन्धी छलफल गर्दा आ व २०७७/०७८ को नीति तथा कार्यक्रम र बजेट निर्माणको प्रक्रिया अघि बढाउने निर्णय गरियो । नीति तथा कार्यक्रम र बजेटको सन्दर्भमा सरोकार पक्षसङ्ग छलफल गरी साथै स्थानीय स्तरमा योजना प्रक्रियाको तयारी गर्ने निर्णय गरियो । साथै आवश्यक ऐन तथा नियमावली नयां तथा संशोधनका लागि प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

५. विविध तर्फ

क. नदीजन्य पदार्थहरुको ठेक्का बन्दोबस्त भएकाहरुको हकमा नेपाल सरकारले तोकेको मापदण्डको अधीनमा रही दुधौरा बालगङ्गा र पसाहा नदीमा नदिजन्य पदार्थ ढुङ्गा गिट्टी बालुवा उत्खनन र बिक्रीको सम्बन्धित निकायसँग समन्वय गरी सञ्चालन गर्ने निर्णय गरियो । नदी नियन्त्रणका लागि वडा नं १६ बाट पसाहाका लागि रु ५० लाख र बालगंगाका लागि ३० लाख मांग भएको छ । साथै नदी प्रभावित वडाहरु समेत अध्ययन गरी नगरसभाबाट विनियोजित बजेट नदी नियन्त्रणका लागि प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

ख. मिति २०७७ वैशाख ७ गते जीतपुरसिमरा उपमहानगरपालिकाको कृषि तथा पशु सेवा शाखाको उपसमितिको बैठकले गरेका निर्णयहरु तरकारीको विउ वितरण, पशुपंक्षी पालन घरदैलो कार्यक्रमबाट पशु भ्याक्सिनेशन तथा पशुपालन तालिम सञ्चालन, गोठ सुधार कार्यक्रम सञ्चालन, व्यवस्थित मासु पसल अभियान सञ्चालन, पशुबिमा सञ्चालन, कृषि परियोजना साविक प्रधानमन्त्री कृषि परियोजना सञ्चालन, साझेदारीमा आधारित कोल्ड स्टोरेज स्थापनाको वजेट तरकारी विउ खरिद तथा वितरण, सिंचाई बोरिङ्ग लागी सूचना आव्हान, सिंचाई मिटर खरिदको रकम कृषि कार्यको लागी खरिद भएका मिटरको रकम भुक्तानी, कृषि सामाग्री तथा उपकरण हस्तान्तरणका लागी सूचना प्रकाशन गर्ने र मल खाद, ढुवानी (पशुपंछि आहार) तथा व्यवस्थापनको लागी आवश्यक सहजीकरण गर्ने सम्बन्धको निर्णय बमोजिमका प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

ग. सम्वन्धित वडा कार्यालयबाट निर्णय भएमा वडास्तरीय वजेटबाट रकमान्तर गरी वडाभरीमा रहेका कृषकहरुलाई कृषि सामाग्री तथा खाद्यान्नको विउ बितरण गर्ने निर्णय गरियो ।

घ. आधारभूत स्वास्थ्यकेन्द्र भवन निर्माण कार्यका लागि वडा नं. १, ३, ४, ६, ९, ११, १३, १४, १५, १६, १८, २२ र २३ मा तत्काल टेण्डर प्रक्रिया अघि बढाउने निर्णय गरियो । उक्त कार्यमा नपुग रकम समपूरक कोषबाट व्यवस्थापन गर्ने निर्णय गरियो । वडा नं. १, ३, ४, ९, १८, २०, २२ र २३ मा आधारभूत स्वास्थ्य केन्द्र सञ्चालन गर्न प्रत्येक स्वास्थ्य केन्द्रमा १ जना हेल्थ असिष्टेन्ट, १ जना स्टाफ नर्श र १ जना कार्यालय सहयोगी कर्मचारी साथै बर्थिङ्ग सेन्टर सञ्चालनका लागि जीतपुरमा २ जना र सिमरामा १ जना कार्यालय सहयोगीका लागि विज्ञापन समेत गर्ने निर्णय गरियो । साथै वडा नं ५ र ८ का लागि पनि प्रक्रिया अघि बढाउने निर्णय गरियो । साथै वडा नं ५ र ८ वडाहरुमा तत्काल आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण र सञ्चालनका लागि संघीय सरकार तथा प्रदेश सरकारसंग रकम माग गर्ने निर्णय गरियो । साथै शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र भवन निर्माणका लागि समेत रकम माग गर्ने निर्णय गरियो ।

ङ. उपमहानगरपालिकाको कार्यालय भवन निर्माण कार्यलाई निरन्तरता दिई कार्यालय भवन निर्माण कार्य सम्पन्न गर्न सम्वन्धित निर्माण व्यवसायीको म्याद थप गर्नुपर्ने उपयुक्त कारण सहितको निवेदनका आधारमा प्रथम पटक प्रमुख प्रशासकीय अधिकृतबाट ६ महिनाको अवधि म्याद थप भई सकेको र सो अवधिमा पनि कार्य सम्पन्न हुन नसकेको हुँदा दोस्रो पटकको लागि उपयुक्त कारण (नक्शा परिवर्तन) सहितको म्याद थपको निवेदन पेश भएकोले वढीमा ६ महिनाभित्र कार्य सम्पन्न गरी भवन हस्तान्तरण गर्ने गरी यस अघि थप भएको म्याद समाप्त भएको मितिबाट वढीमा ६ महिनाको लागि सम्झौताको म्याद थप गर्ने निर्णय गरियो ।

डा.कृष्ण प्रसाद पौडेल
प्रमुख

Scanned with CamScanner